नेपाल सरकार
**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

## प्रेस विज्ञप्ति

मिति २०८० साल भाद्र २७ गते सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यूको समुपस्थितिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नेपाल सरकारका सम्पूर्ण मन्त्रालयहरूको आर्थिक वर्ष २०८०/८१ को श्रावण महिनाको नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनसम्वन्धी रिपोर्ट कार्ड प्रस्तुती गर्ने कार्यक्रम सम्पन्न भयो।

उक्त कार्यक्रममा नेपाल सरकारका सबै मन्त्रालयहरूको श्रावण महिनाको रिपोर्ट कार्डको संक्षिप्त प्रस्तुती प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव डा. गणेश प्रसाद पाण्डेयले गर्नु भएको थियो। सो क्रममा नेपाल सरकारका मुख्य सचिव डा. वैकुण्ठ अर्यालले प्रत्येक मन्त्रालयको प्रगति विवरण प्राप्त भएपश्चात सम्बन्धित क्षेत्र हेर्ने सचिवले समन्वय, सहजीकरण र छलफल गरी प्रतिवेदनलाई अन्तिम रुप दिने र सम्माननीयज्यू समक्ष प्रस्तुत गर्ने साथै आर्थिक क्षेत्रलगायत जनसरोकारका प्रमुख क्षेत्रमा सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा सम्बद्ध सरोकारवालासहित छलफल गरी सुधारको प्रयास गर्नुपर्ने बताउनुभयो। कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवहरु श्री एकनारायण अर्याल, श्री लीलादेवी गड्तौला लगायतका पदाधिकारीहरूले सुझाव राख्नुभएको थियो।

कार्यक्रमलाई सम्वोधन गर्नुहुदै सम्माननीय प्रधानमन्त्रीज्यूले मासिक रुपमा समीक्षा गर्ने असल कार्यको सुरुवात भएको र यसलाई आगामी दिनमा अझै परिणाममुखी र प्रभावकारी बनाउँदै लैजानुपर्नेमा जोड दिनुभयो ।त्यसैगरी नीति, कार्यक्रम र बजेटको पूर्ण कार्यान्वयन गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवहरूले अझै सक्रिय र जिम्मेवार भएर आ-आफ्नो क्षेत्रसँग सम्बन्धित मन्त्रालय तथा निकायसँग समन्वय, सहकार्य र सहजीकरण गरी सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्ने सरकारको लक्ष्य पूरा गर्न सबै गम्भीर भएर लाग्न निर्देशन दिनुभयो।

**२०८० भदौ २७ गते, मंगलवार**

**(नारायण प्रसाद भट्ट)**
**प्रवक्ता**

टेलिफोन : ४९७१०००, ४९७१००१, ४९७१०२५, ४९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np